आज मिति २०७८।१२।११ गते शुक्रबारका दिन बैतेश्वर गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाँडुडाडाँमा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | गणेश राम पोखरेल | सदस्य-सचिव | |

**निर्णय नं. १.** वैतेश्वर गाउँपालिकाको विषयगत समिति(कार्यसंचालन) कार्यविधि २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७८।११।१० मा उच्च प्रविधियुक्त कृषि नर्सरी स्थापनाका लागि सूचना प्रकाशित भई म्याद भित्र प्राप्त हुन आएका प्रस्ताव सहितको आवेदनहरु मध्ये मिति २०७८।११।२५ गतेको कार्यपालिकाको बैठकको निर्णयबाट डाङडुङ्गेश्वरी कृषि तथा पशुपन्छी फर्मको आवेदन स्वीकृत भएकोमा उक्त निर्णय रद्द/खारेज गरी सो सम्बन्धी सम्पुर्ण प्रक्रिया समेत रद्द/खारेज गरी पुनःअर्को सूचना प्रकाशित गरि प्रक्रिया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३.** यस कार्यालयको नाममा रहेको बा २ झ ३५९९ नं को गाडी डेन्टिङ पेन्टिङ र मर्मत वापत यस अघि कार्यालयबाट यु टि अटो वर्कसप एण्ड सप्लायर्स, भि.न.पा-६, दोलखालाई भुक्तानी गरिएको रकम रु २,६२,६६८।- (अक्षरेपी दुई लाख बैसठ्ठी हजार छ सय अठसठ्ठी मात्र)लाई समर्थन र अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४.** मिति २०७८ चैत्र १४ गते यस गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि निःशुल्क जग्गा उपलब्ध गराउने जग्गादातालाई सम्मान कार्यक्रम गर्ने निर्णय गरियो । उक्त कार्यक्रममा सहभागीका लागि खाना, खाजा, सम्मान/कदर पत्र, दोसल्ला लगायतमा हुने खर्च तथा जग्गादाताको शिलालेखमा नाम लेखाङ्कनका लागि हुने सम्पुर्ण खर्च कार्यालयले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.** वैतेश्वर अस्पतालमा सेवाग्राहीको चापलाई मध्यनजर गर्दै १(एक) जना हेल्थ असिष्टेन्ट करारमा नियुक्ति गर्ने निर्णय गरियो ।